# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


प.सं.: २०८३।०८४
च.नं.: २ (स्वास्थ्य)

मिति : २०८३।०४।०१

**<u>मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाइ औषधि उपचार खर्चका लागि नवीकरण गर्ने संम्बन्धी सुचना ।</u>**

प्रस्तुत बिषयमा मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाइ औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधि,२०७८ अनुसार प्रत्येक आ.ब. को शुरुमा लाभग्राहीहरुले संम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई नवीकरण गर्नुपर्ने व्यवस्था रहेकोले आ.ब. २०८२।२०८३ मा उक्त कार्यविधिको दफा (६) बमोजिम यस कालिका नगरपालिका बाट औसधि उपचार खर्च लिएका सबै लाभग्राहीहरुले तपशील बमोजिमको कागजपत्र सहित आ-आफ्नो वडा कार्यालयमा २०८३ भाद्र १५ गते भित्र नवीकरण को लागि आवेदन पेश गर्नुहुन जानकारी गराईन्छ । नवीकरण नगर्ने लाभाग्राहीहरुलाई आ.ब.२०८३/२०८४ मा उपचार खर्च उपलब्ध गराउन नसकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आबश्यक कागजातहरु

1) नविकरणको लागि सम्बन्धित बिरामीको निवेदन
2) नागरिकता को प्रतिलिपि (नावालिगको हकमा जन्मदर्ता प्रमाण पत्र )
3) क्यान्सर र डायलाइसिस गराइरहेका बिरामीको हकमा ३ महिना भित्र जाच (Follow Up ) गरी रोग खुलेको अस्पतालको कागजात
4) सम्बन्धित लाभाग्राहीको बैक खाताको चेकको प्रतिलिपि

२०८३।०४।०१

दीपक भण्डारी
स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख

दीपक भण्डारी
जनस्वास्थ्य अधिकृत

फोन नं.: ०५६–४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np